आज मिति २०७७०३।२५ गते बिहिबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र प्रसाद यादवज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जभिलकर मंसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | दिलीप |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोवी | सदस्य | रुपना |
| १५ | श्री बविता कुमारी पासवान | सदस्य | बविता |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री रुनिया देवीबनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | नुतन कुमारी |
| १९ | श्री प्रमिला देवी | सदस्य | प्रमिला |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

यस माधव नारायण नगरपालिकाको वडा नं. ६, माधोपुरका श्री रामानन्द रामलाई रु. ३०,०००।०० (अक्षरेपी रुपैयाँ तीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २ :

यस माधव नारायण नगरपालिका क्षेत्रभित्र कोरोना भाईरस (कोभिड-१९) संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि खटिएका कर्मचारीहरु (प्र.प्र.अ., लेखा शाखा प्रमुख, योजना शाखा प्रमुख, प्राविधिक शाखाका कर्मचारीहरु, प्रशासन शाखा प्रमुख, अमरेश राउत कुर्मी, तर्क बहादुर खत्री, श्यामबाबु राय यादव, अवधेश राय, मुकेश प्रसाद, मो. अफरुद्दिन)लाई चैत्रदेखि अषाढसम्म मासिक ७५% (पचहत्तर प्रतिशत) तथा नगरपालिकाका पदाधिकारीहरुलाई चैत्र देखि अषाढसम्म मासिक रुपमा तपसिल बमोजीम जोखिम भत्ता वापत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं | पद | मासिक भत्ता रु. (रुपैयाँमा) |
|---|---|---|
| १. | वडा अध्यक्ष | १५,०००।०० |
| २. | कार्यपालिका सदस्य | ५,०००।०० |

निर्णय नं. ३ :

यस माधव नारायण नगरपालिका क्षेत्रभित्र कोरोना भाईरस (कोभिड-१९) संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि संचालनमा रहेका क्वारेन्टाईनहरुको व्यवस्थापन तथा संचालनको क्रममा तपसिल बमोजीमहरुका संस्था/व्यक्तिहरुलाई बिल बमोजीमको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

१. शिवानी किराना पसल
२. उमङ्ग ट्रेडर्स
३. सृष्टि हार्डवेयर एण्ड सप्लायर्स
४. जानकी ट्रेडर्स
५. विनोद मुखिया
६. रोशन एण्ड पवन कन्सट्रक्सन
७. चुकी ईन्टरप्राईजेज
८. राजीव कुमार यादव
९. सिक्युरिटि वर्ल्डस

Scanned with CamScanner

१०. न्यू ईलेक्ट्रोनिक प्लाजा
११. जय माँ लक्ष्मी ट्रेडर्स एण्ड जेनेरल सप्लायर्स
१२. नमन ट्रेडर्स
१३. पब्लिक ईन्ट्रेस्ट मिडिया
१४. लाईफ लाईन सर्जिकल हाउस
१५. अर्नव बिजनेस एक्सप्लोर प्रा.लि.
१६. डोर हाजीरी खर्च

निर्णय नं. ४ :

यस माधव नारायण नगरपालिकामा आ.व. ०७६/०७७ मा जिल्ला समन्वय समितिको कोषबाट संचालन हुने वडा नं. ५ को भौतिक सुधार कार्यको लागि कार्यादेश दिईएकोमा विविध कारणवश संचालन हुन नसकेको र सो बजेटबाट अर्को योजना संचालन भएको हुँदा आउँदो आ.व. ०७७/०७८ मा नगरपालिकाको बजेटबाट सो योजना संचालन गराउनका लागि यस नगरपालिकाका योजना शाखा प्रमुख, लेखा शाखा प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

निर्णय नं. ५ :

यस माधव नारायण नगरपालिकाको आ.व. २०७६/०७७ मा कोरोना महामारीका कारण अपाङ्गता भएका व्यक्तिहरुका लागि कुनै कार्यक्रम संचालन हुन नसकेको अवस्थामा यस नगरपालिकाका अपाङ्गता भएका व्यक्तिहरुले दिनुभएको संयुक्त निवेदनका आधारमा श्री जनचेतना नेपाललाई रु. ९,००,०००।०० (अक्षरेपी रुपैयाँ नौ लाख मात्र) पेश्की स्वरुप उपलब्ध गराई कार्यक्रम संचालन गराउनका लागि यस नगरपालिकाका योजना शाखा प्रमुख, लेखा शाखा प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

निर्णय नं. ६ :

यस माधव नारायण नगरपालिकाको आ.व. ०७६/०७७ को सामाजीक सुरक्षा तर्फको बाल संरक्षण अनुदान यस नगरपालिकाका वडाहरुबाट कोरोना महामारीका कारण पेश्की फर्छ्यौटका लागि अहिलेसम्म प्राप्त भई रहेको र हाल सम्म फर्छ्यौट नभईसकेको अवस्थामा सामाजीक सुरक्षा तर्फको बाल संरक्षण अनुदानको संवेदनशिलतालाई मध्यनजर गर्दै सामाजीक सुरक्षा तर्फको बाल संरक्षण अनुदान वितरण गराउनका लागि यस नगरपालिकाका वडा सचिवहरुलाई पेश्की फर्छ्यौट नभईसकेको भएतापनि पेश्की उपलब्ध गराई भत्ता वितरण कार्य प्रारम्भ गराउनका लागि यस नगरपालिकाका पञ्जीकरण शाखा प्रमुख, लेखा शाखा प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

दिलीप नुतन कुमारी

Scanned with CamScanner

निर्णय नं. ७ :

यस माधव नारायण नगरपालिकाको विभिन्न अनुदानहरुबाट संचालनमा रहेका योजनाहरुलाई मिति २०७७।०२।२५ सम्म काम सम्पन्न गराउन म्याद दिईएकोमा कोरोना भाईरसको महामारीका कारण काम सम्पन्न गराउनमा केही ढिलाई हुन गएकाले ती योजनाहरुको म्याद मिति २०७७।०३।२५ सम्मका लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ :

यस माधव नारायण नगरपालिकाको वडा नं. ३, सखुअवामा संचालनमा रहेका झोलुङ्गे पुल तथा माधोपुर र विसुनपूर्वा मानपुर जोड्ने भावडी खोला पुलको म्याद समाप्त भईसकेकाले यस आ.व. ०७६।०७७ मा म्याद थप गर्नका लागि यस नगरपालिकाका प्राविधिक शाखा, योजना शाखा, लेखा शाखा तथा प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

निर्णय नं. ९ :

यस माधव नारायण नगरपालिकामा आ.व. ०७६/०७७ मा संघिय सरकारको समपुरक अनुदान तथा यस नगरपालिकाको बजेटबाट ठेक्का भई जय धनन्जय/कंडेल/चौधरी जे.भी. मार्फत संचालनमा रहेको माधव नारायण नगरपालिकाको वडा नं. १, दिपही देखि वडा नं. ३, सखुअवा (भेल्ही) सम्म सडक कालोपत्रे कार्यको ठेक्का सम्झौतामा एक वर्षको म्याद दिईएको हुँदा सो कार्य यस आ.व.०७६।०७७ मा सम्पन्न हुन नसकिने भएकाले आँउदो आ.व.०७७।०७८ मा नगरपालिकाको म्याचिङ्ग फण्डबाट भुक्तानी हुने गरी आँउदो आ.व.०७७।०७८ मा म्याद थप गरी कार्य अगाडि बढाउनका लागि यस नगरपालिकाका योजना शाखा प्रमुख, लेखा शाखा प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

Scanned with CamScanner